# ‘राजेन्द्र सुवेदीको महाप्रयाण’ निबन्धमा सृष्टिचिन्तन

सुधा शर्मा
उपप्राध्यापक, कन्या बहुमुखी क्याम्पस, काठमाडौँ
इमेल : poudelsudha480@gmail.com

**लेखसार**

*प्रस्तुत आलेख राजेन्द्र सुवेदीद्वारा लिखित ‘राजेन्द्र सुवेदीको महाप्रयाण’ निबन्धमा सृष्टिचिन्तन विश्लेषण गर्न केन्द्रित रहेको छ। प्रस्तुत निबन्ध सुवेदीको ‘जीवनः गोप्य सिलबन्दी खाम (२०७१) मा सङ्ग्रहीत आत्मपरक निबन्ध हो । पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरिएको यस लेखमा विवेच्य निबन्धमा प्रयुक्त दर्शनपरक सृष्टिचिन्तनसम्बन्धी कथ्य र निबन्धकारका चिन्तनको विश्लेषण गर्नु सान्दर्भिक रहेको देखिन्छ र यहाँ वर्णनात्मक तथा व्याख्यात्मक विधि अवलम्बन गरिएको छ । पूर्वीय दर्शनका साङ्ख्य र वेदान्तदर्शनले प्रतिपादन गरेको सिद्धान्तअन्तर्गतको दार्शनिक मान्यताका रूपमा सृष्टिचिन्तन रहेको छ । यसै मान्यताका आधारमा रहेर यहाँ निबन्धभित्र रहेको सृष्टिचिन्तनको सूक्ष्म विवेचना गर्न निबन्धकारले भौतिक जगत्सँग आफ्नो भौतिक शरीरको तुलना गरी मृत्युपछिको परिकल्पनामा सृष्टिचिन्तनको सैद्धान्तिक आधार स्वीकार गरेका छन् । यहाँ सृष्टिको रहस्य, कारकतत्त्व र स्वरूप देखाउने काम भएको छ । यो सृष्टिको नियन्ता प्रकृति र पुरुष हो, संसारको उत्पत्ति पञ्चतत्त्वबाट भएजस्तै भौतिक शरीर पनि पाञ्चभौतिक तत्त्वको मेलबाट बनेको छ । यहाँ सृष्टिको निरन्तर गतिमा निबन्धकारको प्रादुर्भाव भएको सृष्टिचिन्तन प्रकट भएको छ । यो सृष्टिमा आउने-जानेक्रम निरन्तर चलिरहने हुँदा आफ्नो महाप्रयाण पनि नियमित प्रक्रिया हो भन्ने सृष्टिचिन्तन मुख्य विषय बनेर आएको छ । सुवेदीको ‘राजेन्द्र सुवेदीको महाप्रयाण’ निबन्ध पूर्वीय दार्शनिक चिन्तनका मान्यतामा सम्बन्धित भएकाले यसमा सृष्टिचिन्तन नै मुख्य विषय बनेको छ । पाञ्चभौतिक शरीर नै जगत् हो यसको समायोजनमा शरीरनिर्माण हुने र वियोजनमा प्रलय हुन्छ भन्ने पूर्वीय दर्शनका मान्यतालाई ल्याइएको छ ।*

**शब्दकुञ्जी :** नश्वरता, पञ्चमहाभूत, पुरुष, पौरस्त्य, प्रकृति ।

## विषयपरिचय

राजेन्द्र सुवेदी (२००२–२०७८) नेपाली साहित्यअन्तर्गत विशेष गरी निबन्धको समसामयिक धारामा देखापरेका स्रष्टा हुन् । उनले नेपाली साहित्यको कविता, निबन्ध र समालोचनाका क्षेत्रमा समेत कलम चलाएको पाइन्छ । सुवेदीका *खाली सिसी पुराना कागत* (२०५९), *अब मेरो क्यासेट बन्द हुन्छ* (२०५६), *म हुँ औँला नकाटिएको एकलव्य* (२०६५), *जीवनः गोप्य सिलबन्दी खाम* (२०७१) जस्ता निबन्धसङ्ग्रहहरू, *गुडबाई छोडिजानेहरूलाई* (२०६५), *अनन्त यात्रा* (२०७१), *संस्मरण सङ्ग्रह र मेरो यात्रा मै परिवेश* (२०५४), *तीर्थ पर्यटन* (२०७१) आदि नियात्रालगायत थुप्रै कृतिहरू प्रकाशन भएका छन्। उनका निबन्धहरूमा राजनीतिक, सामाजिक, सांस्कृतिक विकृति र मूल्यहीनताप्रति व्यङ्ग्य गरिएको छ। उनले समाज, गाउँघर र राष्ट्रमा देखिएका नकारात्मक विषय, चरित्र र कृत्रिमताको विरोध गरेको पाइन्छ । निबन्धमा समसामयिक समाजका यथार्थ, पुराण, इतिहास र सामाजिक जनजीवनका अनेक पक्षलाई बिम्ब बनाएर निजात्मक शैलीशिल्पका माध्यमबाट प्रस्तुत गर्नु उनको आफ्नै वैशिष्ट्य रहेको छ । 'राजेन्द्र सुवेदीको महाप्रयाण' शीर्षकको निबन्ध पौरस्त्य दर्शनमा आधारित रहेर सम्पूर्ण जगत्को सृष्टिनिर्माण कसरी भएको छ सोही आधारमा निबन्धकारको भौतिक जगत्लाई केलाएर लेखिएको एक उत्कृष्ट निबन्ध रहेको छ । प्रस्तुत आलेख पौरस्त्य दर्शनका मान्यतामा केन्द्रित छ । यसको मूल आधार वेदलाई मानिएको छ । पौरस्त्य दर्शन जीवन र जगत्लाई हेर्ने दृष्टिकोण वा चिन्तन भएकाले सृष्टिचिन्तनका प्रयोगात्मक कोणबाट यस निबन्धको विश्लेषण गर्ने प्रयास गरिएको छ । जीवन र जगत्लाई हेर्ने दृष्टिकोण प्रस्तुत यस निबन्धको पूर्वीय दर्शनका विविध मान्यताहरूमध्ये सृष्टिचिन्तन र पञ्चतत्त्वका कोणबाट विश्लेषण गरिएको छ । राजेन्द्र सुवेदीको यस 'राजेन्द्र सुवेदीको महाप्रयाण' निबन्धमा सामान्य पुस्तकसमीक्षा भए पनि पूर्वीय दर्शनका कोणबाट अध्ययन भएको पाइँदैन । प्रस्तुत लेख 'राजेन्द्र सुवेदीको महाप्रयाण' निबन्धमा सृष्टिचिन्तन केन्द्रित भई अध्ययन गर्नु मुख्य समस्या रहेको छ । यस राजेन्द्र सुवेदीको 'महाप्रयाण' निबन्धमा सामान्य पुस्तकसमीक्षा भए पनि पूर्वीय दर्शनका कोणबाट अध्ययन नभएकाले त्यसको परिपूर्तिका लागि अध्ययन गर्नु उपयोगी रहेको छ ।

## अध्ययनको विधि

पूर्वीय दर्शनमा विकसित सृष्टिचिन्तनसम्बन्धी विश्लेषणको खोजी गर्नका निम्ति *जीवनः गोप्य सिलबन्दी खाम* निबन्धसङ्ग्रहभित्र रहेको 'राजेन्द्र सुवेदीको 'महाप्रयाण' निबन्धलाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ । प्रस्तुत आलेखलाई प्रामाणिक निष्कर्षमा पुऱ्याउनका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन कार्यबाट गरिएको छ र विश्लेषणको निश्चित ढाँचा अवलम्बन गरिएको छ। यस अध्ययनका लागि सोद्देश्य नमुना छनोटविधिद्वारा सामग्रीसङ्कलन गरिएको छ। यस सम्बद्ध निबन्ध कृतिका बारेमा गरिएको अध्ययन, अनुसन्धान, समीक्षा, समालोचना, विश्लेषण, टिप्पणी र सैद्धान्तिक पुस्तक आदिलाई आवश्यकताअनुसार द्वितीयक सामग्रीको रूपमा लिइएको छ। प्रस्तुत आलेखमा सृष्टिचिन्तनका मान्यतामा रहेर निबन्धको विश्लेषण गरिएको छ। सङ्कलित सामग्रीको अध्ययनपश्चात् वर्णनात्मक विधिद्वारा विश्लेष्य विषयलाई प्रस्तुत गरिएको छ । यो विशुद्ध सैद्धान्तिक प्रकृतिको विश्लेषणमा केन्द्रित रहेको छ । विषयवस्तुका दृष्टिले राजेन्द्र सुवेदीको 'राजेन्द्र सुवेदीको महाप्रयाण' निबन्धको अध्ययन गरी विषयलाई प्रस्तुत गर्ने क्रममा निबन्धका प्रसङ्गमा निगमनात्मक

विधि र तिनको व्याख्या तथा विश्लेषण गर्ने क्रममा आगमनात्मक विधिको प्रयोग गरिएको छ। प्रस्तुत लेख गुणात्मक अध्ययनपद्धतिमा आधारित रहेको छ र त्यसमा मूलतः पाठविश्लेषणको दर्शनका मान्यता प्रयोग गरिएको छ।

## सैद्धान्तिक पर्याधार

पौरस्त्य दर्शन संस्कृत वाङ्मयमा आधारित दर्शन हो जसले वैदिक दर्शनलाई बुझाउँछ, दर्शनको अर्थ हेर्नु वा देख्नु भन्ने हुन्छ। संस्कृतमा यसलाई जसद्वारा देखाइन्छ वा जे देखिन्छ त्यो दर्शन हो भनिएको छ। यसप्रकार चिन्तन, मनन र अनुभूतिको आधारमा बनेको भित्री विचार, जीवन र जगत्सम्बन्धी हेराइ र बुझाइ नै दर्शन हो भन्ने मान्यता रहेको छ । दर्शन शब्दलाई दिव्यदृष्टि, अन्तर्दृष्टि, सम्यक्दृष्टि, आत्मावलोकन आदिका कोणबाट पनि अर्थ्याइएको पाइन्छ। दर्शनलाई प्रायः जीवनजगत्सित सम्बन्धित विषयवस्तुको दृष्टिकोण मानिएको छ र दर्शनले वास्तवमा के, किन र कसरी भन्ने जिज्ञासाको समाधान खोज्न सहजता प्रदान गरेको हुन्छ । पौरस्त्य दर्शनअन्तर्गत वैदिक षड्दर्शनले जिज्ञासालाई महत्त्व दिनुका साथै यसले सारा विश्वब्रह्माण्डको खोजीलाई कौतूहल बनाएको छ जसमा आत्मा र अनात्माको शास्त्रानुकूल विचार गरी अनात्मा शरीर, इन्द्रिय, बुद्धि, मन आदिमा आत्मतत्त्वको निषेध गर्दै त्यसदेखि भिन्न नित्य चेतन आत्मा हुन्छ भन्ने विषयलाई सप्रमाण निरूपण तथा व्यवस्थापन गरिन्छ (भट्टराई, २०७४, पृ. ३)। यहाँ शरीर, इन्द्रिय, मन, बुद्धिभन्दा परको चेतनतत्त्व नै आत्मा हो भन्ने चिन्तन प्रस्तुत गरिएको छ । यहाँ वैदिक षड्दर्शनले प्रतिपादन गरेका विविध विषयवस्तुमध्ये सृष्टिचिन्तनलाई पनि एक महत्त्वपूर्ण पक्ष मानिएको छ।

प्रत्येक कार्य आफ्नो कारणबाट उत्पन्न हुन्छ भन्ने मान्यता नै कार्यकारणवाद हो । जहाँ कारण समाप्त हुन्छ त्यो सूक्ष्मतम तत्त्व नै प्रकृति हो, यही नै मूलकारण हो र यहाँबाट नै सृष्टिको अविर्भाव भएको सृष्टिचिन्तन प्रस्तुत भएको छ । प्रकृति सत्व, तम र रज यिनै तीन गुणको साम्यावस्था (उपाध्याय, सन् १९४२/१९६६, पृ. २६१) रहेको चिन्तन प्रस्तुत भएको छ। यहाँ त्रिगुणमा साम्यावस्था नै प्रकृति हो भनिएको छ। जब प्रकृतिमा हलचल हुन्छ तब तिनै गुण न्यूनाधिक हुन लाग्छ (आचार्य, २०५७, पृ. १३) भन्ने मान्यता सृष्टिचिन्तनका रूपमा साङ्ख्यदर्शनमा आएको छ। साङ्ख्यका अनुसार त्रिगुणको साम्यावस्था नै प्रकृति हो भन्ने मान्यता रहेको छ । साङ्ख्यका अनुसार प्रकृति र पुरुषको संयोगबाट नै सृष्टि उत्पत्ति हुन्छ (राई, २०७४, पृ. २९६-२९७)। यहाँ अचेतन प्रकृति र चेतन पुरुषको योगद्वारा नै सृष्टि उत्पत्ति हुन्छ भन्ने मान्यता प्रस्तुत भएको छ। परमाणुको संयोगबाट सृष्टि उत्पत्ति हुन्छ भने परमाणुको वियोजनबाट संसारको प्रलय वा विध्वंस हुन्छ भन्ने धारणा व्यक्त भएको छ। संसारको उत्पत्ति पञ्चतत्त्व अणुबाट निर्माण भएकाले अपरिवर्तनशील छ। शरीर पनि पञ्चतत्त्वबाट बनेको हो । यस्तो पाञ्चभौतिक शरीर केही होइन (अधिकारी, २०७६/७७, पृ. ६८) भन्ने दार्शनिक चिन्तन यहाँ प्रस्तुत भएको पाइन्छ। यहाँ पञ्चतत्त्वबाट निर्मित शरीर अपरिवर्तनशील छ भन्ने मान्यता रहेको छ। परमाणु (पृथ्वी, जल, तेज, वायु) का भेदलाई विशेष भनिएको पाइन्छ र यी विशेष द्रव्यहरूको संयोगबाट सृष्टिनिर्माण हुन्छ भन्ने कुरा यहाँ उल्लेख भएको छ। सम्पूर्ण भौतिक जगत् सृष्टिको आधार परमाणुसंरचना हो र पदार्थमा निहित शक्ति नै सृष्टिको आधार हो भन्ने कुरा व्यक्त भएको छ। यहाँ चलायमान परमाणुकै कारण जगत्को सृष्टि र परिवर्तन भएको हो । ईश्वरबाट नै चराचर जगत्को

सृष्टि भएको हो, परमात्माबाट नै सृष्टि भएको हो त्यसैले सृष्टि, स्थिति र प्रलयको कारक ईश्वर हो र ब्रह्म र मायाको संयोगबाट सृष्टि उत्पत्ति भएको हो भन्ने चिन्तन वेदान्तदर्शनमा प्रस्तुत भएको छ। सच्चिदानन्दस्वरूप ब्रह्मसँग मायाको सन्निकटताले जगत्को आभासमात्र हुनुलाई विर्वतन भनिएको छ (गौतम, २०७८, पृ. १०१)। यहाँ सच्चिदानन्द ब्रह्ममा मायाको प्रभावका कारण जगत् वास्तविक प्रतीत हुन्छ भन्ने धारणा अभिव्यक्त भएको छ। जगत् आत्मगत तरङ्गभन्दा भिन्न अर्को छुट्टै पदार्थ होइन (गिरी, २०५५, पृ. १४१)। यहाँ समुद्रबाट उत्पन्न छाल समुद्रमा विलीन भएजस्तै आत्मगत तरङ्गभन्दा अर्को छुट्टै पदार्थ नभएको विचार प्रकट भएको छ। यहाँ चैतन्यस्वरूप परब्रह्म वा ईश्वरबाट प्रथमतः आकाशको उत्पत्ति हुन्छ, त्यसपछि सत्व, रज र तम तिन गुण उत्पन्न हुन्छन् भन्ने मान्यता रहेको छ। यिनलाई सूक्ष्मभूत तन्मात्रा वा अपञ्चीकृत भूत भनिन्छ। यसैबाट सूक्ष्म र स्थूल शरीरको उत्पत्ति हुने हुँदा शरीर नाशवान् हुन्छ; त्यसैले मिथ्या छ भन्ने मान्यता अभिव्यक्त भएको छ।

## 'महाप्रयाण' निबन्धमा सृष्टिको स्वरूप

राजेन्द्र सुवेदीद्वारा लिखित *जीवनः गोप्य सिलबन्दी खाम* निबन्धसङ्ग्रहभित्रको 'राजेन्द्र सुवेदीको महाप्रयाण' निबन्धमा पूर्वीय दर्शनका विभिन्न चिन्तनमध्ये सृष्टिचिन्तन र त्यसले पारेको प्रभावलाई देखाइएको छ। यस भौतिक जगत्को प्रारम्भ पञ्चमहाभूत र पञ्चतन्मात्राको मेलबाट भएको हो। त्यस सृष्टिका निर्माता स्वयम् अचेतन प्रकृति र चेतन पुरुष एकमात्र सत्य हुन् भन्ने चिन्तन प्रस्तुत भएको छ।। भौतिक शरीर पनि यिनै तत्त्वबाट बनेको छ र सम्पूर्ण सृष्टि पनि तिनै अदृश्य शक्ति प्रकृति र पुरुषमा अडिएको छ। ईश्वर नै ब्रह्माण्डका कर्ता भएको औँल्याउँदै उनकै कृपाले सृष्टिसञ्चालन भएको साङ्ख्य र वेदान्तदर्शनका कुरा प्रस्तुत भएको छ। हामी मनुष्य त निमित्त मात्र हौँ भन्दै आफ्नो भौतिक शरीरलाई सृष्टिचिन्तनका कोणबाट एकाकार गर्दै तिनका स्वरूपको विश्लेषण प्रस्तुत गरिएको छ। साङ्ख्यमा प्रकृति र पुरुषको समायोजनमा नै यो सृष्टि सञ्चालित छ भन्ने मान्यता रहेको छ। पृथ्वी, जल, तेज, वायु र आकाश आदि पञ्चतत्त्व हुन् र यिनै पाञ्चभौतिक तत्त्वबाट भौतिक जगत्को निर्माण भएजस्तै शरीरनिर्माण हुन्छ भन्ने धारणा रहेको छ।

## सृष्टिसम्बन्धी दर्शनको अभिव्यक्ति

त्रिगुण प्रकृतिले विपरीत गुणलाई साथमा राखेर चेतनतत्त्व पुरुषको सान्निध्य प्राप्त गरेपछि हलचल पैदा भएर सृष्टि हुन्छ। निबन्धको प्रारम्भमा सृष्टिको उत्पत्ति निराकार, अदृश्यमान प्रकृति र पुरुषको संयोजनबाट जगत्को निर्माण भएको सृष्टिचिन्तन प्रस्तुत गरिएको छ। यहाँ प्रकृति मूल र प्रधानतत्त्वका साथै नित्य रहेको हुँदा संसारको उत्पत्ति गर्छ भनिएको छ। यसरी प्रकृति र पुरुष द्विविध तत्त्वको परस्पर सम्बन्धले यस जगत्को उत्पत्ति भएको हो। यहाँ सृष्टि वा जगत्को निर्माणप्रक्रियामा भौतिक जगत्को प्रारम्भ कुनै पदार्थ वा परमाणुचिन्तनबाट भएजस्तै भौतिक तत्त्वको क्रियाप्रतिक्रिया हुँदा मेरो अस्तित्व अणुहरूको संयोजनमा वा चेतनाको क्रममा यस धर्तीमा कतैबाट अवतरण हुन प्रारम्भ गरेको निबन्धकारका विचार प्रस्तुत भएको छ। यसप्रकार सृष्टिको प्रारम्भबिन्दुमा परमाणुको संयोजनमा सृष्टि उत्पत्ति र वियोजन हुँदा विनाश हुन्छ र प्रलयकालमा साम्यावस्था रहेको हुन्छ। यसरी शरीर पनि विभिन्न पदार्थको संयोजन हुँदा निर्माण वा जन्म हुन्छ र वियोजन हुँदा नाशवान् हुन्छ भन्ने दार्शनिक

चिन्तन यहाँ रहेको छ । यहाँ भौतिक जगत् नै शरीर हो र परमाणुको मेलबाट जगत्को सिर्जना भएर यहाँसम्म आइपुगेको हो भन्ने धारणा अभिव्यक्त भएको छ । यसलाई तलका उदाहरणका आधारमा पुष्टि गरिन्छ :

> मैले यस धर्तीमा अवतरण हुन कहीँबाट त अवश्य प्रस्थान गरे हुँला । त्यो पनि एउटा प्रयाण थियो र थियो महाप्रयाण ! यस प्रयाणको आरम्भ कहाँबाट भयो होला ! यो प्रश्न अनुत्तरित नै रहेछ भन्ने त मलाई पनि थाहा छ तैपनि के भन्न सकिन्छ भने मेरो यात्राको प्रस्थानबिन्दु यस भौतिक विश्वको प्रथम अस्तित्वको परिचयसँग गाँसिँदै र चुडिँदै, खिइँदै र झाँगिदै यहाँ आइपुगेको हो भन्ने कुरा चाहिँ आज मेरो चिन्तनमा सिद्ध भइसकेको छ । (पृ. ६०)

प्रस्तुत निबन्धांशमा सृष्टिको स्वरूपसम्बन्धी कुरा देखाइएको छ र यसक्रममा जन्म र मृत्यु दुवै महाप्रयाण हुन् र मृत्यु भएपछि अर्को प्राणमा मिल्दछ भन्ने विचार प्रस्तुत भएको छ । यस अंशमा सृष्टिको उत्पत्ति अर्थात् निबन्धकारको आगमन यस धर्तीमा कहीँ न कहीँबाट अवश्य भएको बताउँदै जगत्को सम्पूर्ण पदार्थको प्रथम उपादान कारण प्रकृति भएको हुँदा सोही प्रकृतिबाट नै जगत्को उत्पत्ति भएको विचार प्रस्तुत भएको छ । यस निबन्धांशमा पञ्चमहाभूतका तत्त्वहरूको मेल नै प्रस्थानबिन्दु भएकाले यो जीवनजगत्को प्रारम्भ वा जन्म महाप्रयाण रहेको साङ्ख्य र वेदान्तदर्शनका दृष्टिकोण उल्लेख गरिएको छ । यहाँ जन्म, उत्पत्ति वा प्रारम्भ जे भने पनि त्यो महाप्रयाण वा महाप्रस्थान भएको बताउँदै हिजो आफ्नो कुनै अस्तित्व नभएको तर आज मेरो अस्तित्व प्रकृतिमा रहेको अस्तित्ववादी दार्शनिक मान्यता प्रस्तुत गर्दै यसको जवाफ आजसम्म पनि आफूले प्राप्त गर्न नसकेको निबन्धकारका वैचारिक चिन्तन प्रस्तुत भएको छ । यस उदाहरणमा विश्वब्रह्माण्ड वा सृष्टिको गतिशील विचरणमा जगत् वा शरीरको अस्तित्व सम्भव भएको विचार प्रस्तुत गर्दै पञ्चमहाभूतका तत्त्वका कारण आफ्नो उपस्थिति सम्भव भएको धारणा व्यक्त भएको छ । यस उद्धरणमा आत्माको निवासस्थान शरीर वा जगत् भएकाले यो दृश्यमान जगत् भ्रम हो भने आत्मा एकमात्र सत्य भएको औँल्याउँदै आत्माबाट उत्पन्न जगत् आत्मामा नै विलीन भएजस्तै भौतिक शरीर पनि आत्मामा नै विलीन हुन्छ भन्ने मान्यता प्रस्तुत भएको छ । उद्धृतांशमा भौतिक जगत् वा सृष्टिको यात्रामा आउने-जानेक्रम निरन्तर चलिरहने भएकाले सृष्टिको लागि यो अनिवार्य प्रक्रिया हो तसर्थ यस यात्रामा निबन्धकारको प्रस्थानबिन्दु सृष्टिको प्रथम प्रस्थानबिन्दुसँग गाँसिएको दार्शनिक दृष्टिकोण अभिव्यक्त भएको छ । यस अंशमा निबन्धकारले भौतिक विश्वको प्रथम अस्तित्वसँगै आफ्नो परिचय गाँसिएको बताउँदै यस सृष्टिको यात्रामा खिइँदै, चुडिँदै, झाँगिदै यहाँसम्म निरन्तर आइपुगेको र भविष्यमा समेत निरन्तर अघि बढिरहने छ भन्ने आफ्नो चिन्तन प्रमाणित भइसकेको सृष्टिचिन्तन-विषयक मान्यतालाई स्पष्ट सङ्केत गरेका छन् । यसको पुष्टि तलका उदाहरणका आधारमा गर्न सकिन्छ :

> पृथ्वी र जलको अस्तित्वको प्रथम प्रस्थान बिन्दु थियो । ताप र शीतमा मेरो अस्तित्वको प्रथम प्रस्थान बिन्दु थियो । (पृ. ६०)

प्रस्तुत निबन्धांशमा सृष्टिको स्वरूपसम्बन्धी साङ्ख्य र वेदान्तदर्शनका मान्यताको चर्चा गर्ने क्रममा परमाणुको मेल नै सृष्टि उत्पत्तिको कारण हो भन्ने कुरा देखाइएको छ । यहाँ हाइड्रोजन र अक्सिजनको मेल भएर जल बनेको र जल अणुमा घुसेर परमाणुको मेलबाट सृष्टि उत्पत्ति भएको विज्ञानप्रविधि-

विषयक अन्तर्विषयकता ल्याइएको छ । उद्धृतांशमा हाइड्रोजन र अक्सिजनको मिश्रणबाट पानी उत्पन्न भएको विज्ञानका तथ्यपरक सन्दर्भहरू प्रस्तुत गरिएको छ । यस अंशमा आगोको चोइटा उछिट्टिएर पिण्ड बनेको सन्दर्भ प्रस्तुत गर्दै यही नै सृष्टिको प्रस्थानबिन्दु भएको विचार प्रस्तुत भएको छ । पूर्वीय दर्शनले पनि यसलाई कारक तत्त्व मानेको बताउँदै अग्नितत्त्व र जलतत्त्वलाई सृष्टिको आदितत्त्व भनेको कुरालाई यस अंशमा स्पष्ट पारिएको छ । यस उद्धरणमा निबन्धकारले आफ्नो भौतिक शरीर पनि यही पञ्चतत्त्वको मेलबाट बनेको सृष्टिचिन्तन अभिव्यक्त भएको छ । यस उदाहरणमा अग्नितत्त्व वाफ बनेको र सेलाएर सृष्टिनिर्माण भएको उल्लेख गर्दै सृष्टिको मूलकारण प्रकृति वा ईश्वर भएकाले प्रकृति र पुरुषको संयोजनमा नै सृष्टि प्रारम्भ भएको धारणा अभिव्यक्त भएको छ । यस निबन्धांशमा प्रकृति र पुरुष नै सृष्टि उत्पत्तिको कार्यकारण सम्बन्ध भएको हुँदा यी द्विविध मूलतत्त्व रहेका छन्, जसको परस्पर सम्बन्धले यस जगत्को उत्पत्ति भएको कुरालाई स्पष्ट पारिएको छ । निबन्धकारले निबन्धांशमा अन्धो प्रकृति र लङ्गडो पुरुष एकअर्काका विपरीत स्वभावका भएर पनि यी दुवै परस्पर कार्य साधक रहेका छन् र यी दुवैको सहकार्यमा नै सृष्टि सम्भव भएको कुरा बताइएको छ । यहाँ म भनेको ब्रह्म हो, ब्रह्म नै चेतन हो, चेतन नै पुरुष हो, अचेतन प्रकृति र पुरुषको हलचलबाट नै मेरो आगमन भएको हो भन्ने परमाणुवादी चिन्तन प्रस्तुत भएको छ । आकाशतत्त्वसँगको प्रभावमा नै जगत् वा सृष्टि उत्पत्ति हुनु नै प्रथम प्रस्थानबिन्दु भएकाले पृथ्वी, जल, तेज, वायु र आकाश आदि पञ्चतत्त्वको संयोजनबाट नै भौतिक जगत् वा शरीरको निर्माण सम्भव भएको धारणा व्यक्त गर्दै ताप र शीतको सन्तुलन नै सृष्टिको अस्तित्व सम्भव भएको सृष्टिचिन्तनलाई यस अंशमा स्पष्ट पारिएको छ । यसै गरी यस कुरालाई तलको अंशले स्पष्ट पारेको देखिन्छ :

> ...समग्र विश्वसभ्यता निःसरणशील रहन्छ भन्ने कुराको पुष्टि हुने गर्दछ । सिङ्गो विश्वप्रकृति चरैवेति-चरैवेतिको सीमामा विचरणशील छ र प्रयाणशील छ । यसको प्रभावबाट निसृत बनेका समग्र तत्त्वहरू महाप्रयाणशील हुन्छन् भन्ने कुराको पनि पुष्टि मिल्दछ । (पृ. ६०)

प्रस्तुत निबन्धांशमा सृष्टिको यात्रा निरन्तर र गतिशीलको यात्रा भएको कुरा देखाइएको छ । यहाँ सृष्टिनिर्माण प्रकृति हो भने त्यसबाट निर्मित सम्पूर्ण तत्त्व विकृति भएको उल्लेख गर्दै यी दुई तत्त्वको मेलबाट नै भौतिक जगत् वा शरीरनिर्माण भएको र विश्वसभ्यता तथा मानवसभ्यता विचरणशीलमा अडिएको विचार व्यक्त भएको छ । यस अंशमा सम्पूर्ण विश्व विचरणशील, रूपान्तरणशील भएको बताउँदै विश्वसभ्यता यसैमा निर्भर रहेको साङ्ख्य र वेदान्त दर्शनका दृष्टिकोण अभिव्यक्त भएको छ । उद्धृतांशमा अणु-अणुको मेलबाट पृथ्वी, जल, तेज, वायुको भौतिक स्थूलस्वरूप निर्माण भएको र जीवात्माहरूले नै सृष्टिलाई अघि बढाएको कुरालाई स्पष्ट पारिएको छ । निबन्धकारले निबन्धांशमा विश्वका सम्पूर्ण चेतनअचेतन पदार्थ पञ्चमहाभूतका परमाणुको मेल भएर सृष्टिको उत्पत्ति भएको बताउँदै पृथ्वीमा जति पनि तत्त्व र अवयवहरू विद्यमान छन् ती हरेक युग वा कालमा प्रत्येक क्षण गतिशील र विचरणशील रहेको चिन्तन प्रस्तुत भएको छ । यस निबन्धांशमा सारा संसारको प्रलयकालमा संयोजन र वियोजन भएजस्तै हाम्रो भौतिक शरीर पनि त्यस्तै भएको र ती सत्व, तम र रज त्रिगुणात्मिकताबाट सम्भव भएकाले पृथ्वीमा जति पनि तत्त्व छन् ती सबै प्रकृति र पुरुषबाट नै जगत्को यात्रामा निरन्तर परिचालित रहेको धारणा अभिव्यक्त भएको छ । यहाँ शब्द, रूप, रस,

गन्ध र स्पर्श आदि पञ्चतन्मात्रा र पञ्चमहाभूतका तत्त्वद्वारा नै सृष्टि उत्पत्ति, विचरणशील, गतिशील रहेकाले सबै तत्त्वहरू महाप्रस्थानको यात्रामा निरन्तर र गतिशील भएको बताइएको छ। सृष्टिको यात्रा चरैवेतिको यात्रा भएकाले यो निरन्तर हिंडिरहूँ-हिंडिरहूँको सीमामा आवद्ध यात्रा हो र यो नै प्रयाणशील भएकाले महाप्रयाण वा महाप्रस्थानको यात्रा हो भन्ने निबन्धकारका चिन्तनलाई यस अंशमा स्पष्ट पारिएको छ । यसै गरी यस कुरालाई तलको निबन्धांशले स्पष्ट पारेको छ :

> कल्प-कल्पको संस्कार र संवेदनाका शृङ्खलाहरूमा गाँसिदै गाँसिँदै म आजको अवस्थामा आइपुगेको हुँ। मेरा प्रयाणहरू र महाप्रयाणहरू कति भए कति ! यिनको न कुनै हिसाब किताब छ न कुनै मूल्यनिरूपण ! प्रकृतिका अनेक तत्त्व र अवयवहरूमा अनेक बीजतत्त्वहरू जीवन्त छन्। तिनको उपस्थिति जुनसुकै कालखण्डमा र जुनसुकै कल्प कल्पमा पनि निरन्तर यात्रारत रहेको हुन्छ। यस प्राकृतिक विश्वका चरअचर सबै तत्त्वहरू अनन्त यात्राका निम्ति सधैँ प्रस्थानरत र महाप्रयाणरत रहन्छन्। प्रयाणको प्रस्थानबिन्दुको प्रथम तह एक कोसीय जीवदेखि कृमि, कीट, पतङ्ग, सरीसृप, पशु, पंक्षी र मानवसम्मको जीवनयात्रा निरन्तर रहन्छ। (पृ. ६१)

प्रस्तुत निबन्धांशमा सृष्टिका यावत् तत्त्वको यात्रा नै महाप्रयाणको यात्रा भएको कुरा देखाइएको छ । यस अंशमा प्रस्थानको प्रारम्भिक अवस्थादेखि नै सृष्टिका यावत् जीव, जीवात्मा, कृमि, जङ्गम, स्थावर सबैको यात्रा निरन्तरको भएकाले महाप्रयाणको यात्रा नै चरैवेतिको यात्रा भएको विचार व्यक्त भएको छ । निबन्धकारले निबन्धांशमा सूक्ष्मातिसूक्ष्म संवेदनाका शृङ्खलामा निरन्तर संयोजन भएर आफू आजको अवस्थामा आइपुगेको अर्थात् सृष्टिको निरन्तर शृङ्खलामा आफू यहाँसम्म आइपुगेकाले यो गतिशील र चलायमान रहेको साङ्ख्य र वेदान्तदर्शनका दर्शनपरक विचार व्यक्त भएको छ। यस उद्धरणमा सृष्टिको नियमित शृङ्खलामा प्रकृतिका अनेकानेक तत्त्व र अवयवहरूमा अनेक बीजतत्त्वहरू जीवन्त रहेको उल्लेख गर्दै यसले सृष्टिको गतिशील यात्रालाई निरन्तर अगाडि बढाएको चिन्तन प्रस्तुत भएको छ। यस अंशमा महाप्रस्थानको यात्रामा एक कोसीय जीवदेखि प्राणी, वनस्पति, पशुपंक्षीलगायत सम्पूर्ण जीव जीवात्माहरूको यात्रा आजसम्म पनि निरन्तर चलिरहेको सृष्टिसम्बन्धी मान्यतालाई स्पष्ट पारिएको छ । उद्धृतांशमा केवल शरीरमात्र नाशवान् भएर पृथ्वीमै मिल्दछ र पुनः अर्को स्वरूपमा धर्तीमा जन्म लिएको हुन्छ भन्दै सृष्टिको यात्रामा कतिको प्रयाण वा महाप्रयाणहरू भएकाले त्यसको कुनै हिसाबकिताब नभएको तथा मूल्यनिरूपण पनि नभएको धारणा प्रस्तुत भएको छ । यहाँ यस्तो प्रक्रिया सृष्टिको विभिन्न कालखण्ड वा युग र मार्गलाई पार गर्दै यहाँसम्म आइपुगेको धारणा अभिव्यक्त भएको छ। यस निबन्धांशमा विश्वब्रह्माण्डका समस्त चरअचर तत्त्वहरू सृष्टिको निरन्तर, गतिशील र परिवर्तनशील यात्रामा अनेकौँ स्थावर र जङ्गमको यात्रारत रहेकाले यहाँ आउने जानेक्रम निरन्तर रहन्छ भन्ने सृष्टिको क्रम प्रस्तुत भएको छ। निबन्धकारले निबन्धांशमा आफ्नो प्रस्थानबिन्दु नै जीवनको लक्ष्य भएको हुँदा जीवनका अनेक मोड र अप्ठ्याराहरू पार गर्दै महाप्रस्थानतर्फ लम्केको प्रसङ्ग सृष्टिचिन्तनका रूपमा प्रस्तुत गरेका छन् । महाप्रयाणको यस यात्रामा प्रस्थानको प्रारम्भबिन्दुदेखि नै एक कोसीय  जीवदेखि कृमि, कीट, पतङ्ग, सरीसृप, पशु, पन्छी र मानवसम्मको जीवनयात्रा गतिशील रहेकाले यो निरन्तर चलिरहने प्रक्रिया हो र यो भविष्यमा समेत चलिरहन्छ भन्ने पूर्वीय दर्शनको सृष्टिसम्बन्धी मान्यतालाई यस अंशमा स्पष्ट पारिएको छ ।

**सृटिचिन्तनमा पञ्चतत्त्व**

पृथ्वी, जल, तेज, वायु र आकाश भनेका पञ्चतत्त्व हुन् । पाञ्चभौतिक तत्त्व र रूप, रस, गन्ध, स्पर्श, शब्द आदि पञ्चतन्मात्राको मेलबाट सृष्टिको निर्माणप्रक्रिया प्रारम्भ भएको हो । भौतिक शरीरको निर्माण पनि यिनै पञ्चतत्त्व र पञ्चतन्मात्राको सम्मिलनबाट भएको हो भन्ने मान्यता रहेको छ । यसरी सृष्टिको निर्माणका क्रममा अणुहरूका बिच हलचल वा क्रिया-प्रतिक्रियामा उछिट्टिएर निबन्धकार पनि पैदा वा जन्म हुन पुगेको सृष्टिचिन्तन यहाँ अभिव्यक्त भएको छ । यहाँ आकाशतत्त्वसँगको प्रभावमा नै जगत् वा सृष्टि बन्नु नै प्रथम प्रस्थानबिन्दु रहेको कुरा देखाइएको छ । यहाँ पृथ्वी, जल, तेज, वायु र आकाश आदि पञ्चतत्त्व र पञ्चतन्मात्राको संयोजनबाट नै भौतिक जगत् वा शरीरको निर्माण सम्भव भएको हो भन्ने धारणा रहेको छ । यसको पुष्टि तलका उदाहरणका आधारमा गरिएको छ :

> आकाश र तिनका प्रभावसँग मेरो प्रथम प्रस्थानबिन्दु थियो । यी पञ्चमहाभूतको समायोजन नै मेरा निम्ति प्रथम प्रस्थानबिन्दु थियो । त्यही प्रस्थानबिन्दुबाट प्रथम प्रयाण भएको थियो- मेरो । (पृ. ६०)

प्रस्तुत निबन्धांशमा पञ्चमहाभूतका तत्त्वबाट नै सृष्टिको प्रस्थानबिन्दु भएको पञ्चतत्त्वविषयक मान्यता देखाइएको छ । यहाँ आकाश आदि पाञ्चभौतिक तत्त्वको योगबाट नै जगत्को उत्पत्ति वा प्रस्थानबिन्दु भएको बताउँदै भौतिक शरीरको अस्तित्व पनि यसैको प्रतिफल भएको साङ्ख्य र वेदान्तदर्शनका पाञ्चभौतिक चिन्तन प्रस्तुत भएको छ । यस अंशमा पृथ्वी, जल, तेज, वायु, आकाश आदि पञ्चमहाभूतको उत्पत्तिको मूलकारण प्रकृति वा पुरुष रहेको छ । यस उद्धरणमा प्रकृति र पुरुष तत्त्वबाट भौतिक जगत्को सुरुवात भएको हो भने भौतिक शरीर पनि सृष्टिकै उपादान कारणबाट सम्भव भएको कुरा बताइएको छ । यस निबन्धांशमा जन्म हुँदा अघि आफ्नो अस्तित्व पञ्चमहाभूत र पञ्चतन्मात्रामा रहेको उल्लेख गर्दै प्रकृति र पुरुषको समायोजनमा सृष्टि हुने क्रममा म आएँ मेरो प्रारम्भ पनि यही तत्त्वबाट हुन पुगेको छ र प्रकृति र पुरुषको समायोजनमा सृष्टि हुनु भनेको जन्म हुनु हो भने सृष्टि वियोजन हुँदा मृत्यु वा महाप्रयाण हुन्छ भन्ने चिन्तन प्रकट भएको छ । उद्धृतांशमा छुट्टिनु भनेको प्रकृति र पुरुष भिन्न हुनु हो अर्थात् महाप्रयाण वा विश्रामको अवस्थामा हो र यस्तो अवस्थामा प्रकृति र पुरुष अलग रहेका हुन्छन् भनिएको छ । निबन्धकारले निबन्धांशमा प्रकृति जड हो त्यो महाप्रयाणको यात्रा हो भन्ने सृष्टिचिन्तन प्रस्तुत गर्दै प्राकृतिक तत्त्वका विश्लेषक वा जीव विज्ञानीहरूका मतमा पनि पूर्वीय दर्शनले मानेको पञ्चमहाभूत र पञ्चतन्मात्रालाई स्वीकार गरेको बताएका छन् । आगो र पानीको द्वन्द्वमा आगोको डल्लो चोइटिएर बाफ सेलाएपछि पृथ्वी उत्पत्ति भएको मान्यता प्रस्तुत गरी यहाँ विज्ञानविषयक मान्यता देखाइएको छ । यस अंशमा पञ्चमहाभूतका तत्त्वको संयोजन नै सृष्टिनिर्माण वा निबन्धकारको प्रथम प्रस्थान भएको र त्यही नै निबन्धकारको महाप्रस्थान हो भन्ने कुरालाई स्पष्ट पारेको देखिन्छ । यसै गरी यस कुरालाई तलको अंशले स्पष्ट पारेको छ :

> प्राकृतिक तत्त्वका विश्लेषकहरूले भन्ने गर्छन्– पञ्चमहाभूत तत्त्वका धर्ममा निहित पञ्चतन्मात्रा पनि छन् । ती तन्मात्राहरूमध्ये पृथ्वीसँग गन्ध गुण सम्पृक्त रहन्छ । जलसँग रस गुण सम्पृक्त बनेको हुन्छ । तापसँग रूप गुण सम्पृक्त बनेको हुन्छ । वायुसँग स्पर्श गुण

सम्पृक्त रहेको हुन्छ । यसरी पञ्चमहाभूत तत्त्वसँग तन्मात्राको पनि संयोजन भएर रहेका स्थितिहरू मेरो प्रथम प्रस्थान यात्रामा जोडिएर मसँगसँगै यात्रारत बनेका छन् । (पृ. ६०)

प्रस्तुत निबन्धांशमा पञ्चतन्मात्रा र पञ्चतत्त्वको सम्मिलनमा नै जगत्को निर्माण भएको साङ्ख्य र वेदान्तदर्शनका कुरा देखाइएको छ । यहाँ पृथ्वी, जल, तेज, वायु, आकाश आदि पञ्चमहाभूत र रूप, रस, गन्ध, स्पर्श आदि पञ्चतन्मात्राको संयोगबाट नै सृष्टि उत्पत्ति भएको उल्लेख गर्दै सृष्टिको आविर्भावपश्चात् समस्त जीव, जीवात्मा र वनस्पतिका लागि योग्य भएको मान्यता प्रस्तुत भएको छ। माथि उल्लिखित अंशमा सम्पूर्ण जीव, जीवात्माको मूलकारण नै परमाणु र द्रव्यहरूको योग हो र यही नै भौतिक जगत् वा सम्पूर्ण चराचर जगत् निर्माणको आधार हो भन्ने धारणा अभिव्यक्त भएको छ। यस अंशमा यी सबै पदार्थमा निहित रहेको यही शक्तिका कारण जगत्को निर्माण सम्भव भएको बताउँदै विकासको गति द्वन्द्वात्मक रहने हुँदा त्यो पदार्थको सारतत्त्व नै तन्मात्राका रूपमा रहेको हुन्छ , तसर्थ रूप, रस, गन्ध, स्पर्श र शब्द नै तन्मात्राका रूपमा रहेको हुँदा यिनै तन्मात्राद्वारा सृष्टि प्रारम्भ भएको कुरालाई स्पष्ट सङ्केत गरिएको छ । पञ्चतन्मात्राबाट नै पञ्चमहाभूत पैदा भएको उल्लेख गर्दै शब्द तन्मात्राबाट आकाश, स्पर्श र शब्दबाट वायु, स्पर्श, शब्द र रूपबाट आगो, रूप, रस, स्पर्श र शब्दबाट जल र पाँचैओटा मिलेर सृष्टिको आविर्भाव वा उत्पत्ति भएको साङ्ख्य र वेदान्तदर्शनका सृष्टिसम्बन्धी चिन्तन यहाँ प्रस्तुत भएको छ । यहाँ प्राकृतिक तत्त्वका क्रिया-प्रतिक्रियामा सृष्टिको निर्माण महत्त्वपूर्ण भएजस्तै भौतिक शरीर पनि त्यसैको परिणाम भएकाले आफ्नो अस्तित्व सम्भव भएको विचार प्रकट भएको छ । उद्धृतांशमा भौतिक जगत्को प्रादुर्भाव पञ्चमहाभूत र पञ्चतन्मात्राको सम्मिलनमा सम्भव भएजस्तै निबन्धकारले आफ्नो स्थिति वा अस्तित्व पनि तिनै पञ्चमहाभूत र पञ्चतन्मात्राका अणुपरमाणुको परिणामस्वरूप भएको बताउँदै यो नै आफ्नो यात्राको प्रथम प्रस्थानबिन्दु हो र यस यात्रामा आफूसँगसँगै अरू पनि यात्रारत रहेको सृष्टिको गतिशील चिन्तनलाई स्पष्ट सङ्केत गरिएको छ । यसै गरी यस कुरालाई तलको अंशले स्पष्ट पारेको छ :

> गमनशील रूपमा रहेको महाप्रयाणको यो यात्रा सधैँ उद्यत रहन्छ। तृण, स्थावर र जङ्गमसम्मका प्रस्थान बिन्दुबाट यात्रा अनेक मोड र झाडीहरू छिचोलेर यहाँ आइपुगेको एउटा यात्रीको प्रयाण र महाप्रयाणको सन्दर्भ निकै विशिष्ट महत्त्वका साथ प्रस्तुत गर्ने यात्रागाथामात्र यस ब्रह्माण्डमा कति कति प्रस्तुत भएका छन् ! मैले यात्रालाई जसरी भोग्दै आएको छु, यहाँ त्यसरी नै प्रस्तुत पनि गर्ने प्रयत्न गरेको छु । (पृ. ६१)

उल्लिखित निबन्धांशमा पञ्चतत्त्वविषयक मान्यताको चर्चा गर्नेक्रममा सृष्टिको यात्रा नै महाप्रयाणको यात्रा भएको कुरा देखाइएको छ । यस अंशमा सृष्टिको यात्रा गमनशील वा विचरणशील रहेकाले महाप्रयाणतर्फ अग्रसर रहेको धारणा प्रकट भएको छ । यहाँ सृष्टिको यात्रा उषाकालदेखिको भएकाले यसमा असङ्ख्य तृण, स्थावर र जङ्गमसम्मको यात्रा अनवरत रूपमा रहेको साङ्ख्य र वेदान्तदर्शनको विचार व्यक्त भएको छ। यस निबन्धांशमा तृण, स्थावर र जङ्गमको प्रस्थानबिन्दुदेखिको यस यात्रामा अनेक मोड र झाडीहरू पार गर्दै यहाँसम्म आइपुगेको निबन्धकारका चिन्तन प्रस्तुत भएको छ । यस उदाहरणमा सृष्टिको गतिशील यात्रामा यात्रीको प्रयाण र महाप्रयाणको सन्दर्भ निकै महत्त्वपूर्ण रहेकाले ब्रह्माण्डमा यस्ता कैयौँ यात्रागाथा गाइएको चिन्तनलाई स्पष्ट पारिएको छ । उद्धृतांशमा जीवनलाई

सृष्टितत्त्वको उत्पत्तिदेखि प्रलयसम्मको महाप्रस्थान नै जिउँदै मोक्ष प्राप्त गर्नु देहमुक्ति भएको हुनाले आउने-जानेक्रम अनन्तसम्म चलिरहेको धारणा व्यक्त भएको छ । प्रस्तुत उद्धरणमा पुरुष अकर्ता भएको प्रकृति नै सम्पूर्ण सृष्टिप्रक्रियाको कारण रहेको र त्यसको साक्षी आफू पनि भएको निबन्धकारको भाव व्यक्त हुनुका साथै यो नै सृष्टिको नियमित प्रक्रिया हो र यस प्रक्रियामा स्वयम् आफू पनि यात्रारत रहेको विचार प्रस्तुत भएको छ । निबन्धकारले निबन्धांशमा  स्वयम् यस सृष्टिको संयोजन र वियोजनको गतिशीलतामा जन्मिएका हुनाले आफ्नै महाप्रस्थानलाई विषय बनाएर जीवन र मरणको क्रममा आफूजस्ता कैयौँको निरन्तर आउने-जानेक्रम चलिनैरहन्छ भन्ने विचार व्यक्त गरेको देखिन्छ । यस निबन्धांशमा निबन्धकारले सृष्टिको यस गतिशील यात्रामा आफूले जेजस्तो भोगे त्यस्तै अनुभूति प्रकट गर्ने प्रयत्न गरेको सृष्टिसम्बन्धी मान्यतालाई स्पष्ट पारिएको छ । यसै गरी यस कुरालाई तलको अंशले स्पष्ट पारेको छ :

> स्थिति बिस्तारै साम्य भयो । परिवारजनबाट मुखाग्नि दिने काम भयो । आगोको ज्वाला बिस्तारै बढ्न लाग्यो । शवमा रहेका पञ्चमहाभूत र तिनमा रहेका तन्मात्राहरू सम्बन्धित महत्त्वमा विलीन बन्न लागे । परिवारजनका मनहरू पनि कठिनताका साथ निचोरिएर आँखाबाट पानी बग्न थाले । (पृ. ६६)

प्रस्तुत निबन्धांशमा पाञ्चभौतिक शरीरको नाशपश्चात् तत्तत् तत्त्वमा नै विलीन हुन्छन् भन्ने पञ्चतत्त्वविषयक कुरा देखाइएको छ । यहाँ पाञ्चभौतिक शरीर नाशवान् भएकाले अन्तमा निबन्धकार सुवेदीले मृत्युपछिको परिकल्पना गर्दै पञ्चमहाभूत र पञ्चतन्मात्राबाट बनेको आफ्नो पाञ्चभौतिक शरीर क्षणिक भएको उनको तर्क रहेको छ । यस अंशमा निबन्धकारले आफ्नो स्वभाव, कार्य, योगदान जेसुकै भए पनि मरणमा परिवारका सदस्यले वियोग सहनुपरे पनि मृत्यु शाश्वत सत्य भएको औंल्याउँदै यो सम्पूर्ण जगत् नै सृष्टिको इच्छामा निर्भर रहेको साङ्ख्य र वेदान्तदर्शनका दृष्टिकोण अभिव्यक्त भएको छ । यस उद्धरणमा भौतिक जगत् जसरी यो शरीररूपी जगत् पनि सबैभन्दा पहिला बुद्धितत्त्वको उत्पत्ति भएकाले यो नै मूलकारण भएको विचार व्यक्त छ तर आत्माको देहान्तर गमनबाट निरन्तर रूपमा उत्पत्ति भएको हुँदा जगत् आत्मगत तरङ्गभन्दा अर्को छुट्टै पदार्थ छैन भन्ने दृष्टिकोण प्रस्तुत भएको छ । उद्धृतांशमा आत्मामा तरङ्गहरू तरङ्गित हुँदा नै उत्पन्न भएकाले विश्व आत्माभन्दा भिन्न वस्तु होइन भन्ने धारणा व्यक्त गर्दै आत्मा जगत् वा शरीरमा नै विलीन हुने हुँदा जगत्को व्यावहारिक सत्ताकै कारण जीवन्मुक्ति सम्भव रहेको कुरालाई स्पष्ट पारिएको छ । जब आत्मा र जगत्बिचको अभिन्नताको बोध हुन्छ त्यसबेला हुनु र नहुनुमा कुनै भेद नरहने हुँदा  आफ्नो मृत्युमा आँसु बगाउनु व्यर्थ रहेको उल्लेख गर्दै आत्माको अमरता र भौतिक शरीरको नश्वरतालाई यस निबन्धांशमा स्पष्ट सङ्केत गरिएको छ ।

> चिताको धुवाँको कारणले हो कि शोककै कारणले हो ! त्यो त भन्न सकिन्न परिवारजनका आँखा चाहिँ रसिलै देखिन्थे । मसानघाटमा सामेल भएका मान्छेहरू आ-आफ्ना समस्याका कारण फर्किने क्रममा लागेका थिए । चिताको धुवाँबाट आतङ्कित भएर हो कि ! रात परिसकेका कारण बास बस्ने तरखरमा हो ! वरिपरिका चराचुरूङ्गीहरू निकै आत्तिएर यताउता उडिरहेका थिए । (पृ. ६६)

प्रस्तुत निबन्धांशमा पञ्चतत्त्वद्वारा निर्मित भौतिक  शरीर मृत्युपश्चात् तत्तत् तत्त्वमा नै विलीन हुन्छ भन्ने साङ्ख्य र वेदान्तदर्शनका कुरा देखाइएको छ । यहाँ मृत्यु प्राकृतिक सत्य भएकाले भौतिक शरीरको नाशपश्चात् पञ्चतत्त्वमै मिल्दछ तसर्थ नश्वर शरीरको क्षणिकतामा परिवारजनले आँसु बगाउनु व्यर्थ रहेको धारणा प्रस्तुत भएको छ । यस अंशमा पञ्चतन्मात्रा र पाञ्चभौतिक तत्त्वको योगबाट बनेको शरीर क्षणिक र नश्वर भएकाले यसले तत्काल पीडा दिने कुरालाई स्पष्ट पारिएको छ । उद्धृतांशमा चिताको धुँवाले परिवारजनलगायत चराचुरुङ्गी पनि निकै आतङ्कित भएर यताउता उडिरहेको बताउँदै आत्माको अमरता र शरीरको नश्वरतामा नै जगत्को कारण भएको कुरालाई स्पष्ट सङ्केत गरिएको छ ।

यसरी प्रस्तुत निबन्धमा जगत् वा सृष्टिको उत्पत्ति के कसरी र कोबाट भएको हो त्यसको जवाफ अनुत्तरित नै रहे पनि आफू सृष्टिको क्रममा जन्मिन पुगेको विचार यहाँ प्रकट भएको छ । यो सबै जगत्को इच्छामा निर्भर हुने हुँदा जगत् नै यसका सञ्चालक रहेको साङ्ख्य र वेदान्तदर्शनका कुरा यहाँ आएको छ । म नै ब्रह्म हो । ब्रह्म नै चेतन हो । जगत् नै ब्रह्म हो । ब्रह्म नै शरीर हो । प्रकृति र पुरुष मिलेर जगत् सञ्चालन गरेको हुन्छ । प्रकृति र पुरुषको समायोजनमा सृष्टि वा जन्म हुने र प्रकृति र पुरुषको भिन्नतामा सृष्टि वा भौतिक शरीर विश्राम हुन्छ । त्यसैले शरीर नाशवान् रहेको छ । प्रकृति र पुरुष नै सृष्टि निर्माणकर्ता, पालनकर्ता र संहारकर्ता हुन् । गतिशील जगत्मा कैयौँ जीव, जीवात्माहरू उत्पत्ति भएर महाप्रस्थानको यात्रा तय गरेका छन् । निबन्धकार सुवेदी पनि यही सृष्टि उत्पत्ति र प्रस्थानको क्रममा पञ्चतत्त्व र पञ्चतन्मात्राको समायोजन हुँदा भौतिक शरीर धारण गरेको र वियोजन हुँदा ती तत्तत् तत्त्वमा विलिन भएको सृष्टिचिन्तन प्रस्तुत भएको छ ।

## निष्कर्ष

निबन्धकार राजेन्द्र सुवेदीद्वारा लिखित 'राजेन्द्र सुवेदीको महाप्रयाण' शीर्षकको निबन्ध साङ्ख्यदर्शन र वेदान्तदर्शनको प्रस्थापनामा आधारित छ । निबन्धमा स्वयम् राजेन्द्र सुवेदीको महाप्रस्थानको चर्चा पाइन्छ । यहाँ जगत् नै सृष्टि सिर्जनाको प्रारम्भ बिन्दु हो र यस सृष्टिको निरन्तर गतिशील विचरणमा आफू कहिले र कसरी जन्मन पुगेँ त्यो ज्ञात हुन नसकेको विचार अभिव्यञ्जित छ । यसमा सम्पूर्ण जगत्का निर्माता ईश्वर वा परमात्मा रहेकाले उनकै इच्छामा सारा सृष्टि, स्थिति र प्रलय अडेको छ । यहाँ भौतिक जगत् वा शरीर पञ्चमहाभूत र पञ्चतन्मात्राको समायोजबाट उत्पत्ति भएको तथा आगो र पानीको लडाइँमा आगोको डल्लो चोइटिएको र सेलाएपश्चात् पृथ्वीको उत्पत्ति भएको र अनेकौं जीव, जीवात्माहरूको अस्तित्व सम्भव भएको दर्शनसम्मत विज्ञानविषयको सन्दर्भ अभिव्यक्त छ । यसरी निर्माण हुनेक्रममा पृथ्वी, जल, तेज, वायु, आकाश आदि पञ्चमहाभूत र रूप, रस, गन्ध, स्पर्श र शब्द आदि पञ्चतन्मात्राको संयोगमा सृष्टि वा भौतिक जगत् उत्पत्ति भएजस्तै आफ्नो भौतिक शरीर पनि तिनै पञ्चतत्त्वको पञ्चतन्मात्रासँग क्रियाप्रतिक्रिया भएर निर्माण भएको सृष्टिचिन्तन यहाँ अभिव्यञ्जित देखिन्छ । यसमा सृष्टि नित्य, निरन्तर र गतिशील भएकाले आउने-जानेक्रम निरन्तर चलिरहको छ भन्ने सृष्टिविषयक मान्यता पाइन्छ । यसरी परमाणुको मेलबाट उत्पत्ति भएको सृष्टिका हामी निमित्तमात्र रहेको बताउँदै सृष्टिमा प्रत्येक जीव जीवात्माहरूको समायोजन र विनियोजन भइरहने हुँदा कतिकति महाप्रयाण भएको तर यकिन तथ्य नभएको विचार व्यक्त भएको देखिन्छ । यहाँ

समस्त सृष्टि उत्पत्ति र विनाशशील भएको हुँदा प्रत्येक युग र कालमा यो क्रम चलिरहन्छ भन्दै प्रकृति र पुरुषको मेल हुँदा सृष्टिनिर्माण हुन्छ भने एक्लाएक्लै अगाडि बढ्न सम्भव नहुँदा ध्वंसको स्थिति रहन्छ भन्ने कुराको निरूपण पाइन्छ। यहाँ प्रकृति-विकृतिको योगमा सम्पूर्ण सृष्टि अडिएको हुँदा यसको अस्तित्व भ्रान्तिजनक रहेको उल्लेख गर्दै सारा जगत् अवस्तु भने नरहेको मान्यता छ। विदेह प्राप्त गरेको व्यक्ति जन्म जन्मान्तरको चक्रमा नपर्ने बताउँदै प्रकृतिको विकारका रूपमा महत्तत्त्व उत्पत्ति हुन्छ भने महत्तत्त्व प्रकृति बनी विकृत तत्त्वका रूपमा अहङ्कारको उत्पत्ति हुन्छ र अहङ्कार प्रकृति बनी पञ्चतन्मात्रा र एकादश इन्द्रिय उत्पन्न हुन्छन् भन्ने दृष्टिकोण यहाँ देखिन्छ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, ज्ञानु (२०७६/७७). *'योगमाया' उपन्यासमा योगदर्शन र वेदान्तदर्शन.* अप्रकाशित लघुअनुसन्धान प्रतिवेदन. त्रिभुवन विश्वविद्यालय, अनुसन्धान केन्द्र।

आचार्य, श्रीराम शर्मा (सम्पा.) (सन् २०१०). *साङ्ख्य एवं योगदर्शन.* युगनिर्माण ट्रस्ट।

उपाध्याय, बलदेव (सन् १९४२/१९६६). *भारतीय दर्शन.* शारदा मन्दिर।

गिरी, रामानन्द (२०५५). *जनक दर्शन.* जनक शिक्षा सामग्री केन्द्र।

गौतम, लक्ष्मणप्रसाद (२०७८). 'वैदिक षड्दर्शनका प्रमुख मान्यता'. *नेपाल अध्ययन जर्नल.* त्रिभुवन विश्वविद्यालय, नेपाल र एसियाली अनुसन्धान केन्द्र।

भट्टराई, पद्मप्रसाद (२०७४). *पौरस्त्य दर्शन : एक चिनारी,* विद्यार्थी पुस्तक भण्डार।

राई, भक्त (२०७४). *पूर्वीय दर्शन.* नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र।

सुवेदी, राजेन्द्र (२०७१). *जीवन : गोप्य सिलबन्दी खाम.* पाठ्यसामग्री प्रकाशन।